# सार्वजनिक सूचना

यस पालुङटार नगरपालिकाको ऐतिहासिक, सांस्कृतिक, सामाजिक पहिचान तथा समृद्धिको आकाङ्क्षालाई समेट्ने नगर गान (Palungtar Municipality Anthem) निर्माण गर्नुपर्ने भएकाले इच्छुक सर्जक, कवि, गीतकार, सङ्गीतकार तथा नेपाली नागरिकहरूबाट नगर गानको शब्द तथा धुनका लागि प्रस्ताव आह्वान गरिन्छ ।

१. नगर गानमा समावेश हुनुपर्ने विषयवस्तु:
- पालुङटार नगरपालिकाको ऐतिहासिक, सांस्कृतिक र भौगोलिक पहिचान ।
- सामाजिक सद्भाव, एकता, विकास र समृद्धिको भावना ।
- राष्ट्रियता र स्थानीय गौरव झल्किने भाव ।

२. मापदण्ड:
- गानको शब्द नेपाली भाषामा हुनुपर्ने ।
- सरल, सबै उमेर समूहले गाउन सक्ने ।
- शब्द र धुन मौलिक हुनुपर्ने । (पहिले प्रकाशित/प्रयोग नभएको)

३. पेश गर्नुपर्ने सामग्री :
- नगर गानको शब्द । (Lyrics)
- धुन/सङ्गीत (यदि उपलब्ध भएमा) ।
- सर्जकको सङ्क्षिप्त परिचय र सम्पर्क विवरण ।

४. प्रस्ताव पेश गर्ने म्याद:
यस सूचना प्रकाशन भएको मितिले २०८३।०१।११ (३०) दिनभित्र कार्यालय समयभित्र पालुङटार नगरपालिकाको नगर कार्यपालिकाको कार्यालयमा ।
वा इमेल मार्फत (यदि चाहनु भए) पेश गर्न सकिनेछ ।

५. छनोट प्रक्रिया:
प्राप्त प्रस्तावहरुमध्ये नगरपालिकाद्वारा गठन गरिएको छनोट समितिबाट उपयुक्त नगर गान छनोट गरिनेछ ।

६. सम्मान/पुरस्कार:
छनोट भएको नगर गान सर्जकलाई नगरपालिकाबाट सम्मान तथा तोकिएबमोजिम पुरस्कार प्रदान गरिनेछ ।

७. अन्य व्यवस्था:
नगरपालिकाले आवश्यक ठानेमा नगर गानमा संशोधन गर्न सक्ने तथा यस सूचनालाई आंशिक वा पूर्ण रुपमा रद्द गर्ने अधिकार सुरक्षित राख्नेछ । छनोट भएको नगर गानको सम्पूर्ण प्रतिलिपि अधिकार पालुङटार नगरपालिकामा रहनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**